भन्सार सम्बद्ध सम्पत्ति शुद्धीकरण कसूर सम्बन्धी अनुसन्धान कार्यविधि
२०८२

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

२०८२

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २०/०८२
दर्ता मिति: २०८२।०८।२८

भन्सार सम्बद्ध सम्पत्ति शुद्धीकरण कसूर सम्बन्धी अनुसन्धान कार्यविधि

स्वीकृत मिति: २०८२।०८।२३

प्रस्तावना: भन्सार सम्बद्ध कसुरवाट आर्जित सम्पतिको स्रोत पहिचान, अनुसन्धान, विश्लेषण तथा सम्पति शुद्धीकरण सम्वन्धित कसुरको अनुसन्धान र कारवाहीमा एकरुपता, प्रभावकारिता र स्पष्टता ल्याउन भन्सार ऐन, २०८२ को दफा १३१ को देहाय (झ) र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ९९ ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागले यो कार्यविधि वनाई लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "भन्सार सम्वद्ध सम्पत्ति शुद्धीकरण कसूर सम्बन्धी अनुसन्धान कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि महानिर्देशकवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

३. परिभाषा: विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनु पर्छ।

(ग) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, सम्झनु पर्दछ।

(घ) "सम्वद्ध कसूर" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची-१ मा उल्लेखित भन्सार सम्वद्ध प्रचलित कानून वमोजिमको कसूर सम्झनु पर्छ।

(ङ) "अनुसन्धान अधिकृत" भन्नाले ऐनको दफा १५ वमोजिम भन्सारसम्वद्ध कसूरमा अनुसन्धान गर्न खटिएको अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(च) "उजुरी" भन्नाले भन्सार सम्वद्ध कसुरवाट सम्पति शुद्धिकरण सम्वन्धी कसुर मानिने कुनै काम कारवाही कसैले गरेको, गर्न लागेको वा गरि रहेको कुरा थाहा पाउने कुनै व्यक्तिले विभाग तथा कार्यालय समक्ष लिखित वा मौखिक वा विधुतिय माध्यमद्धारा दिइने निवेदन, सूचना वा जनकारी समेतलाइ सम्झनु पर्छ ।

(छ) "सरकारी वकील" भन्नाले संहिताको दफा २ को खण्ड (त) मा उल्लेख भएवमोजिमको अधिकृतलाई वुझाउछ र सो शव्दले उक्त कार्य गर्नका लागि प्रचलित कानून वमोजिम तोकिएको अधिकृत समेतलाई सम्झनु पर्दछ।

(ज) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(झ) "महानिर्देशक" भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ। सो शव्दले निजको अनुपस्थितिमा महानिर्देशकको काम गर्ने विभागको तोकिएको उपमहानिर्देशकलाई समेत जनाउँदछ।

(ञ) "कार्यालय प्रमुख" भन्नाले भन्सार जाँचपास परीक्षण कार्यालयको प्रमुख वा भन्सार कार्यालयको प्रमुख सम्झनु पर्छ र सो शव्दले कार्यालय प्रमुखको अनुपस्थितिमा सो कार्यालयको प्रमुख भई दैनिक कार्य सञ्चालन गरिरहेको अधिकृत कर्मचारीलाई समेत जनाउँदछ।

(ट) "वित्तीय जानकारी इकाई" भन्नाले ऐनको दफा ९ वमोजिम स्थापना भएको कार्यालय सम्झनु पर्दछ ।

परिच्छेद-२

कसूरको सूचना प्राप्ति, उजुरी दर्ता, प्रारम्भिक जाँचवुझ तथा अनुसन्धान

४. कसूरको सूचना प्राप्तिः- (१) भन्सार सम्वद्ध सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको सूचना वा जानकारी देहायका माध्यमवाट प्राप्त गरिनेछः-

क. भन्सार विभागको ASYCUDA प्रणाली तथा अभिलेखवाट प्राप्त सूचना,

ख. वित्तीय जानकारी इकाईवाट प्राप्त सूचना,

ग. अन्य अनुसन्धान गर्ने निकायवाट प्राप्त सूचना वा जानकारी,

घ. विभिन्न माध्यमवाट प्राप्त सूचना तथा उजुरीहरू,

(२) उपदफा (१) बमोजिम विभागमा प्राप्त भएका सूचना वा जानकारीको प्रारम्भिक मुल्यांकन गरी आवश्यक अनुसन्धान तथा कारवाहीका लागी सम्वन्धित भन्सार कार्यालयमा लेखि पठाउनु पर्नेछ।

५. भन्सार सम्बद्ध कसुर तथा सूचकः दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको माध्यमद्वारा सूचना प्राप्तिको लागी भन्सार सम्बद्ध कसूरको आधार अनुसूची-१ हुनेछ ।

६. उजुरी सम्बन्धी व्यवस्थाः- (१) भन्सार सम्वद्ध कसूर गरेको, गर्न लागेको वा गरिसकेको कुरा थाहा पाउने कुनै पनि व्यक्तिले कार्यालयमा लिखित, मौखिक वा विद्युतीय माध्यमबाट उजुरी वा सूचना दिन सक्नेछन्। लिखित, वा विद्युतीय माध्यमबाट प्राप्त उजुरी कार्यालयले दर्ता गर्नेछ।

(२) मौखिक रुपमा प्राप्त उजुरी वा सूचनालाई लिखित रुप दिई, लिपीवद्ध गरी, उजुरीकर्ताको सनाखत गराइ अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता गर्नुपर्नेछ। तर उजुरीकर्ताको सनाखत गराउन नसकिएको कारणले मात्र अनुसन्धान कारवाहीमा कुनै असर पर्ने छैन।

३) उपदफा (२) बमोजिमको सूचना दिने वा उजूरीकर्ता व्यक्तिले आफ्नो नाम, ठेगाना वा पहिचान गोप्य राख्ने गरी उजूरी दिन चाहेमा कार्यालय प्रमुखले सांकेतिक नाम राखी त्यस्तो उजूरी दर्ता गर्नुपर्नेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिम दर्ता भएका उजुरीको स्रोत, कसुरको गाम्भीर्यता, भन्सारको क्षेत्राधिकार, उजुरीको प्रकृति एवं सोको विषयवस्तु समेत अध्ययन गरी सो उजुरी सम्वन्धमा परामर्श लिन कार्यालय प्रमुखले कार्यालयका एकजना अधिकृतको संयोजकत्वमा तथ्याङ्क तथा कानुन शाखा हेर्ने कर्मचारी सहितको उपसमिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उप-समितिले देहायका विषयसमेतलाइ अध्ययन गरी प्रमुख समक्ष परामर्श दिन सक्नेछ:

(क) सम्वद्ध कसुर स्थापित हुन सक्ने संभावित आधार र कारण रहे वा नरहेको,

(ख) कार्यालयको क्षेत्राधिकार आकर्षित हुने वा नहुने,

(ग) उजुरीको प्रकृति,

(घ) सम्बद्ध कसुर वा सम्पति शुद्धिकरणको कसुर वा दुवै कसुरमा अनुसन्धान गर्नु पर्ने वा नपर्ने,

(ङ) कसुरमा संलग्न पक्ष,

(च) अन्य आवश्यक विषय ।

(६) ऐनको दफा (१०) बमोजिम वित्तिय जाकारी इकाईबाट प्राप्त विश्लेषणको निष्कर्ष सहितको सूचना वा जानकारी कार्यालयले दर्ता गरी गोप्य रुपमा सूचनाको स्रोतको इन्टेलिजेन्सको रुपमा मात्र प्रयोग गर्नुपर्नेछ।

(७) ऐनको दफा १३ बमोजिम उजुरी वा सूचना दिंदा नियमावलीको नियम ३७ बमोजिम संहिताको अनुसूची-५ बमोजिमको ढाँचामा दिन सकिनेछ।

७. प्रारम्भिक जाँचबुझ गर्नु पर्नेः- दफा ४ को उपदफा (१) बमोजिमका माध्यमबाट सूचना प्राप्त भएमा भन्सार सम्बद्ध कसुरबाट सम्पत्ति शुद्धीकरण गर्र नगरेको सम्बन्धमा कार्यालय प्रमुखले विश्वसनीयता, जोखिम स्तर, र सम्भावित कसूरको प्रकृति मूल्याङ्कन गरि प्रारम्भिक जाँचबुझ गर्नु वा गराउनु पर्नेछ ।

(२) कार्यालयमा परेका उजूरीका सम्बन्धमा कार्यालय प्रमुखले अनुसन्धान गर्ने अधिकारीलाई नै सम्पत्ति शुद्धीकरण कसूरको प्रारम्भिक जाँचबुझ गर्न खटाउनु पर्नेछ।

(३) नियमावलीको नियम ३८ को उपनियम (२) बमोजिम प्रारम्भिक जाँचबुझको लागि अधिकृत खटाउँदा सोहि नियमावलीको अनुसूची-३ बमोजिमको ढाचाँमा बढीमा पन्ध्र दिनको समय दिई खटाउनु पर्नेछ ।तोकिएको समयमा प्रारम्भिक जाँचबुझ सम्पन्न हुन नसकिने भए थप अवधि माग गर्न कारणसहित भए/गरेको जाँचबुझको प्रगति खुलाई प्रतिवेदन पेश गर्नुपर्नेछ र कार्यालय प्रमुखले न्यायसंगत देखेमा सो कसूरमा मुद्दा दायर गर्ने हदम्याद समेतलाई विचार गरी एकैपटक वा पटक पटक गरी ३०(तीस) दिन सम्मको म्याद थप गर्न सक्नेछ।

(४) प्रारम्भिक जाँचबुझ गर्दा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कसूर स्थापित हुन सक्ने जोखिमका आधारहरु भए नभएको यकिन गर्न देहायका विषयहरु हेर्नु पर्नेछ।

(क) भन्सार सम्बद्ध कसूरको विद्यमानताः (उदाहरणः सामान तस्करी गरेको, करशुल्क / छली गरेको, नक्कली कागजात प्रयोग गरेर आयातनिर्यात गरेको-, वा भन्सार महसुल विनाको सामान निकासी पैठारी जस्ता भन्सार ऐन उल्लङ्घन गरी कमाएको,

(ख) कसुरबाट आर्जित वा बढाएको सम्पत्तिको पहिचान, उदाहरणः नयाँ व्यवसाय, गाडी, जग्गा आदि(कसका नाममा छन्, कहाँ छन् र कति मूल्यका छन् भन्ने पहिचान ।

ग) सम्पत्तिको हस्तान्तरण वा रुपान्तरण, तहकिकरण (Layering), एकीकरण सम्बन्धी विवरण,

(घ) ऐनको दफा ३ अनुसारको अवस्था र आधार,

(५) प्रारम्भिक जाँचवुझ अधिकृतले ऐन र नियममा उल्लेखित कुराका अतिरिक्त कसुर गर्ने व्यक्तिको प्रतिकुल अभिलेख रहे/नरहेको नेपाल प्रहरीसंग वुझ्ने, स्थलगत निरीक्षण गर्ने, उजुरीलाइ पुष्टि हुने विवरण तथा प्रमाण दाखिला गर्न लगाउने, कागजात तथा वयान गराउने, वैंक मौज्दात लगायत सम्पत्तिको विवरण अनुसूची-४ को ढाँचामा माग गर्ने, देवानी विवाद समावेश भए वा नभएको तथा प्रमुखवाट आदेश वा निर्देश भए वमोजिम अन्य कार्य गरि जाँचवुझ अधि वढाउनु पर्नेछ।

(६) ऐनको दफा १४ को उपदफा (२) वमोजिम खटाईएको अधिकृतले उपलव्ध सूचना तथा प्रमाणका आधारमा प्रारम्भिक जाँचवुझ प्रतिवेदन अनुसूची-५ वमोजिमको ढाँचामा तयार गरि कार्यालय प्रमुखसमक्ष पेश गर्नु पर्नेछ।

(७) प्रारम्भिक जाँचवुझ गर्दा सम्वद्ध कसूरमा जोखिम पहिचान गर्न कसूरको प्रकृति, अन्तरदेशीय र आर्थिक प्रकृतिको कसूर र सो कसूरको गम्भीरता, कसूरवाट हासिल गरेको लाभ, कसूरवाट प्राप्त गरेको सम्पत्ति (Proceeds of Crime) को विगोको परिमाण, सो सम्पत्तिको प्रयोग, धारण, स्थानान्तरण, निसर्ग जस्ता तत्वहरुलाई मानकको रुपमा हेर्नुपर्नेछ।

(८) उपदफा (७) वमोजिमको प्रारम्भिक जाँचवुझ प्रतिवेदनवाट सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा अनुसन्धान गर्न नपर्ने गरी राय प्राप्त भएको र सो रायमा कार्यालय प्रमुख सहमत भएमा सोही व्यहोराको राय सहित एक तह माथिको अधिकृतवाट निर्णय गराई त्यस्तो उजूरीलाई तामेलीमा राख्न सकिनेछ। कार्यालय प्रमुख समक्ष पेश भएको प्रारम्भिक जाँचवुझको रायमा कार्यालय प्रमुख सहमत नभए सम्पत्ति शुद्धीकरण तर्फ विस्तृत अनुसन्धान शुरु गर्नुपर्नेछ ।

तर महानिर्देशक वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख भएको कार्यालयको हकमा कार्यालय प्रमुख आफैंले तामेलीमा राख्ने निर्णय गर्न वाधा पर्ने छैन।

८. अनुसन्धानका प्रकृयाहरु:- (१) प्रारम्भिक जाँचवुझ प्रतिवेदनवाट भन्सार सम्वद्ध कसूरसँगै सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको समेत अनुसन्धान गर्न उपयुक्त हुने राय प्राप्त भएमा विस्तृत अनुसन्धान गर्न तोकिएको ढाँचामा अनुसन्धान अधिकृत खटाउनु पर्नेछ। सो अनुसन्धान शुरु भएको जानकारी अनुसूची-७ को ढाँचामा यथाशीघ्र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग एवं भन्सार विभागमा पठाउनु पर्नेछ।

(२) यस कार्यविधिको प्रयोजनका लागी कार्यालयमा दर्ता भएका उजुरीको कारवाही किनाराका विधि र आधारहरु देहाय बमोजिम हुनेछ ।

(क) अभियोजनः वित्तिय जानकारी इकाईबाट प्राप्त शंकास्पद कारोबारको सूचना, सम्वद्ध कसुरबाट प्राप्त सम्पति तथा साधन रहे भएको पुष्टी हुने वा भइरहेको सुचना, ऐनको दफा ३ वा ४ ले निषेध गरेका गतिविधीहरुको विद्यमानता देखिएको प्रकृतिको उजुरी, तेस्रो पक्षको प्रयोग गरी कसुर भए गरेको देखिने मनासिव आधार भएको उजुरी, तत्काल प्राप्त प्रमाण एवं तथ्यको विश्लेषणबाट कुनै सम्पत्ति कसुरमा प्रयोग भएको वा हुन सक्ने संभावना रहेको वा भइरहेको पुष्टि हुने उजुरी, कसुरमा संलग्न पक्षलाई कानुनी कारवाहीबाट बचाउन कुनै प्रकारको सहयोग, सहजीकरण, मिलेमतो, षडयन्त्र वा अन्य कुनै निषेधित कार्यबाट लाभ हासिल गरी कार्यालयको क्षेत्राधिकारको कसुर गरेको उजुरी, सम्वद्ध कसूरमा विगतमा अभियोजन भएका मुद्दाहरुमध्ये कसूर ठहर भएका उच्च जोखिमयुक्त कसूरबाट सम्पत्ति शुद्धीकरणको समेत कसूर पुष्टि हुने आधार देखिने प्रकृतिका उजुरी अभियोजनका लागी सरकारी वकिल कार्यालयमा राय प्रस्ताव गर्न सकिनेछ ।

(ख) तामेलीः कार्यालयको क्षेत्राधिकार आर्कषित हुन सक्ने नदेखिएको उजुरी, भन्सार सम्वद्ध कसुर बाहेकका अन्य अपराधजन्य कार्यसंग सम्वन्धित उजुरी, सम्वद्ध कसुर स्थापित भएको भएता पनि प्राप्त सम्पत्ति वा साधनको शुद्धीकरण गर्न ऐनको दफा ३ ले निषेध गरेका क्रियाकलापको विद्यमानता नदेखिएको उजुरी, संकलित प्रमाण र तथ्यको विश्लेषणको निष्कर्षबाट कसुर स्थापित हुन सक्ने तथ्य परक नदेखिएको उजुरी, सम्वद्ध कसुरको मुद्दा अन्तिम भई सफाई पाएको र सो कसुरबाट कुनै सम्पत्ति तथा साधन प्राप्त गरेको एवं त्यस्तो सम्पत्ति आरोपितको स्वामित्वमा रहे भएको पुष्टि हुने आधार नदेखिने जस्ता उजुरीलाई पछि थप आधार प्रमाण प्राप्त भई स्थापित हुन सक्ने देखिएका वखत कारवाही हुने गरी कार्यालयले तामेलीमा राख्न सक्नेछ ।

(ग) सम्वन्धित निकायमा पठाउनेः अर्को निकायको क्षेत्राधिकार आर्कषित हुने देखिएको र संभावित कारवाही हुने मनासिव आधार देखिएमा सो प्रकृतिका उजुरी तथा सूचना तत्काले सम्वन्धित निकायमा कारवाहीका लागी पठाउन सकिनेछ ।

(३) भन्सार सम्वद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको अनुसन्धान समानान्तर रुपमै पनि गर्न सकिने र सम्भव भए सम्म दुवै अनुसन्धान हदम्याद भित्रै पुरा गरी मुद्दा दायर गर्नका लागी अनुसन्धान प्रतिवेदन सम्वन्धित सरकारी वकील समक्ष पेश गर्न सकिनेछ।

(४) नियमावलीको नियम ३९ को उपनियम (७) बमोजिम भन्सार सम्वद्ध कसूरमा मुद्दा दायर गर्ने हदम्याद भित्र सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा अनुसन्धान पूरा हुने अवस्था नभएमा अनुमानित समयावधि समेत खुलाई सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको अनुसन्धान पूरा भएपछि छुट्टै प्रतिवेदन पेश गरिने व्यहोरा जनाई भन्सार सम्बद्ध कसूरको मात्र अनुसन्धान प्रतिवेदन सम्वन्धित सरकारी वकील कार्यालयमा पेश गर्नुपर्नेछ।

(५) भन्सार सम्बद्ध कसूरमा विगतमा अभियोजन भएका मुद्दाहरुमध्ये कसूर ठहर भएका उच्च जोखिमयुक्त भन्सार सम्बद्ध कसूरका हकमा कार्यालय प्रमुखले सम्पत्ति शुद्धीकरणको कसूरको अनुसन्धान र अभियोजन आवश्यक भए नभएको एकिन गरी संख्या पहिचान गर्ने र आवश्यक देखिएको कसूरमा अभियोजन गर्ने निकायसँग समन्वय गरी सम्पत्ति शुद्धीकरणको कसूर तर्फ अनुसन्धान गर्नु गराउनु पर्नेछ।

(६) अनुसन्धान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-३
विशेष अनुसन्धान विधि सम्बन्धी व्यवस्था

९. विशेष अनुसन्धान विधि अवलम्वन गर्न सक्नेः- (१) ऐनको दफा १९ग बमोजिम कार्यालयको कम्तीमा राजपत्राकित द्वितीय श्रेणी वा सो सरहको अधिकृतको प्रत्यक्ष निगरानीमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर वा भन्सारसम्बद्ध कसूरको अनुसन्धान गर्दा विशेष अनुसन्धानका देहायका कुनै वा सबै विधि अवलम्बन गर्न सकिनेछ।

(क) नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी)
(ख) सुराकी परिचालन।
(ग) गुप्त अनुसन्धान कारवाही (अण्डर कभर अपरेशन)
(घ) टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन)
(ङ) थप प्रमाण तथा सूचना हासिल गर्ने उद्देश्यले तत्काल पक्राउ नगर्ने (अरेस्ट वेभर)
(च) कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच
(छ) तोकिए बमोजिमका अन्य विशेष अनुसन्धान विधि।

(२) नियमावलीको नियम ४५ बमोजिम विशेष अनुसन्धान विधि अवलम्बन गरिएमा त्यस्तो कसूर र सो कसूरको अनुसन्धान गर्ने कर्मचारी, अदालतको पूर्व अनुमति लिएकोमा सोको मिति प्रयोग स्थल निगरानी गर्ने पदाधिकारी र व्यक्तिहरुको विवरण र त्यस्तो विधि अवलम्बनको

परिणाम जस्ता विषयको विवरण वनाई सम्बन्धित कार्यालय प्रमुखले कार्यालयमा सुरक्षित राख्नु पर्नेछ।

(३) विशेष अनुसन्धान विधि अवलम्वन गर्ने अनुसन्धान अधिकृत वा कर्मचारीको पहिचान सार्वजनिक गरिने छैन।

(४) विशेष अनुसन्धान विधि अवलम्वन गर्ने अनुसन्धान अधिकृत वा कर्मचारीले कार्यालय प्रमुखलाई दैनिक प्रगति विवरण लिखित वा मौखिक रुपमा दिनु पर्नेछ।

परिच्छेद-४
खानलतासी मुचुल्का सम्बन्धी व्यवस्था

१०. खानतलासी लिंदा तलासी दिने:- प्रारम्भिक जाँचवुझ पश्चात् संहिताको दफा १८ वमोजिम खानतलासी गर्ने ठाउँमा प्रवेश गर्नुअघि अनुसन्धान अधिकृतका साथै निजलाई मद्दत गर्न खटिएका अन्य कर्मचारी तथा रोहवरमा रहने व्यक्तिले समेत सम्बन्धित घरधनी वा व्यक्तिलाई आफ्नो तलासी दिनुपर्नेछ।

११. मुचुल्का खडा गर्दा रोहवरमा राख्नु पर्ने:- भन्सार सम्वद्ध सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको अनुसन्धान गर्दा मुचुल्कामा रोहवर वस्ने व्यक्तिको सम्वन्धमा संहिताको दफा १९ मा भएको व्यवस्थाको अधीनमा रही देहाय वमोजिमको कार्य गर्नु पर्नेछः-

(क) मुचुल्का तयार भएपछि सो मुचुल्का गर्दा देख्ने साक्षी र रोहवरमा वस्ने व्यक्तिको परिचयात्मक विवरण तथा फोन नम्वर/मोवाइल नं.उल्लेख गरी सहिछाप गराई काम तामेल गर्ने कर्मचारीले समेत आफ्नो वैयक्तिक विवरण उल्लेख गरी सहिछाप गरी राख्नुपर्नेछ.

(ख) यस दफा वमोजिम रोहवर राख्ने प्रयोजनका लागि अनुसन्धान अधिकृतले मुचुल्का गर्न जानु अघि सम्वन्धित स्थानीय तहको सदस्यलाई पठाइदिन स्थानीय तहलाई अनुरोध गर्नु पर्नेछ.

(ग) खण्ड (ख) वमोजिम स्थानीय तहको सदस्य उपलव्ध नहुने भएमा कर्मचारी खटाईदिन कुनै सरकारी कार्यालयलाई अनुरोध गर्नु पर्नेछ.

(घ) प्रचलित कानून वमोजिम रोहवरमा वसी सहिछाप गर्नुपर्ने कर्तव्य भएका व्यक्ति तथा स्थानीय तहका पदाधिकारी वा सरकारी कर्मचारीले रोहवरमा वसी सहिछाप गर्नु पर्नेछ.

(ङ) कानून बमोजिम तयार गरिने मुचुल्कामा रोहवरमा बस्नुपर्ने कर्तव्य भएका व्यक्तिले सहिछाप गर्न इन्कार गरेमा सम्बन्धित अनुसन्धान अधिकृतले सोही व्यहोरा कैफियत जनाई उपस्थित अन्य दुईजना व्यक्तिको सहिछाप गराई आफूले पनि सहिछाप गरी मुचुल्का तयार गर्नुपर्नेछ।

परिच्छेद-५

पक्राउ, म्याद थप, बयान कागज तथा प्रमाण संकलन सम्वन्धी व्यवस्था

१२. अभियुक्त पक्राउ गर्ने:- (१) अभियुक्त पक्राउ गर्ने सम्वन्धमा संहिताको दफा ९ मा भएको व्यवस्थाको अधिनमा रही पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।

(२) कुनै व्यक्तिलाई जरुरी प्रकाउ पूर्जी दिई पक्राउ गर्न वा अदालतको अनुमति लिई पक्राउ गर्न देहायको अवस्था विद्यमान रहेको हुनु पर्नेछ ।

(क) कसूरमा संलग्न रहेको भन्ने विश्वास गर्ने मनासिव आधार रहेको,

(ख) कसूरमा संलग्न रहेको भनी अन्य अभियुक्तको पोलवाट खुल्न आएको,

(ग) अनुसन्धानको क्रममा प्राप्त सवुद प्रमाणवाट कसूरमा संलग्न रहेको विश्वास गर्ने मनासिव आधार रहेको,

(घ) पक्राउ नगर्दा प्रमाण लोप गर्ने सक्ने वा भागेर जाने सम्भावना भएको ।

(३) ऐनको दफा १७ को उपदफा (६) वमोजिम अनुसन्धान अधिकृतले कसैलाई पक्राउ गर्नु पर्दा वा थुनामा राख्नु पर्दा सो गर्नु अगावै सोको जानकारी आफ्नो कार्यालय प्रमुखलाई दिनु पर्नेछ।

१३. अनुसन्धानका लागि हिरासतमा राख्ने अवधि र तत्सम्वन्धी कार्यविधि:- हिरासतमा राख्न सकिने अवधि र तत्सम्वन्धि कार्यविधि सम्वन्धमा ऐनको दफा १७ तथा संहिताको दफा १४ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नुपर्नेछ:-

(क) पक्राउ भएको कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागी हिरासतमा राख्नुपर्ने नपर्ने एकिन गरी हिरासतमा राख्नु पर्ने भएमा सम्वन्धित अनुसन्धान अधिकृत र सरकारी वकीलले सो व्यक्ति उपर लगाइएको अभियोग, तत्सम्वन्धी कानून र हिरासतमा नै राख्नुपर्ने आधार र कारण उल्लेख गरी मुद्दा हर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(ख) कुनै व्यक्तिलाई हिरासतमा राख्ने अनुमतिका लागि म्यादथप गर्न सरकारी वकील समक्ष पेश गरेकोमा सम्वन्धित सरकारी वकीलले मिसिल कागजात अध्ययन गर्दा पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नुपर्ने स्पष्ट आधार र कारण नदेखेमा त्यस्ता व्यक्तिवाट अनुसूची-६ वमोजिमको ढाँचामा धरौट वा जमानत लिई वा निजलाई माथवर मानिसको जिम्मामा हाजिर जमानीमा छाडी वा तारिखमा राखी अनुसन्धान कार्य पूरा गर्न अनुसन्धान अधिकृतलाई निर्देशन दिनसक्नेछ।

(ग) पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राख्ने म्याद थपको लागि अदालत समक्ष उपस्थित गराउने दिन सार्वजनिक विदा परेको वा कुनै कारणले अदालत वन्द रहेको अवस्थामा अदालत खुलेको पहिलो दिन यथासम्भव छिटो उपस्थित गराउनु पर्नेछ।

(घ) हिरासतमा राख्ने म्यादथपको लागि अदालतमा निवेदन पेश गर्दा सोसाथ सङ्कलित कागजप्रमाण तथा पक्राउ गरिएको व्यक्ति समेतलाई सुरक्षित रुपमा पेश गर्नु पर्नेछ।

(ङ) म्याद थपको लागि उपस्थित गराइएको व्यक्तिले आफ्नो शारीरिक परीक्षणको लागि अदालतमा निवेदन दिन चाहेमा अनुसन्धान अधिकृतले सहजीकरण गर्नु पर्नेछ।

(च) म्याद थपको लागि अदालत समक्ष पेश गरिएकोमा म्याद थपको औचित्य पुष्टि गर्न आवश्यक भएमा सम्वन्धित सरकारी वकीलले वहस पैरवी गर्नु पर्नेछ।

१४. हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकृतले छाड्न सक्ने:- संहिताको दफा १५ वमोजिम कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक वा उपयुक्त नदेखिएमा सरकारी वकीलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सक्ने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिवाट धरौट वा जमानत लिई वा निजलाई माथवर व्यक्तिको जिम्मा लगाई हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ।

तर अनुसन्धान अधिकृतले सो को जानकारी तीन दिन भित्र सम्वन्धित सरकारी वकीललाई अनिवार्य रुपमा दिनु पर्नेछ।

१५. अभियुक्तको बयान लिनुपर्ने:- (१) भन्सार सम्बद्ध सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा अभियुक्तको वयान लिंदा अनुसन्धान अधिकृतले सरकारी वकीलको रोहवरमा वयान लिनु पर्दछ:-

(क) वयान शुरु गर्नु पूर्व आरोपित शारीरिक वा मानसिक रुपमा वयान दिन सक्ने वा नसक्ने एवं उसको स्वच्छा छ/छैन यकिन गरी, अभियुक्तको हैसियतमा प्राप्त गर्ने अधिकारको वारेमा जानकारी गराई, एक अर्काको विचमा गोप्यता कायम राखी विस्तृत रुपमा जवाफ आउने गरि प्रश्न तयार गरि वयान गराउनु पर्नेछ ।

(ख) वयानमा अभियुक्तको नाम, थर, उमेर, वतन, तीनपुस्ते र सोलाई पुष्टि हुने अभियुक्तको आधिकारिक प्रमाणको प्रतिलिपि र सम्भव भएसम्म अभियुक्तको फोटो समेत मिसिल संलग्न गरी अभियुक्तको औंठाछाप र दस्तखत गराउनु पर्नेछ।

(ग) अभियुक्तको पारिवारिक विवरण एवं एकासगोलको परिवारका नाममा रहेको सम्पत्ति र आयआर्जन सम्वन्धी विवरण तथा वैंक खातानं सहित रकम स्पष्ट खुलाउनु पर्नेछ।

(घ) अभियुक्त र निजको एकासगोलको परिवारका नाममा रहेको सम्पत्ति र आयआर्जन सम्वन्धी विवरण तथा वैंक खातानं.. रकम, वैंक मौज्दातको स्रोतको स्पष्ट खुलाउनु पर्नेछ।

(ङ) प्रारम्भिक अनुसन्धान तथा विस्तृत अनुसन्धानवाट देखिएका अवैध सम्पति तथा साधन लगायतका विवरणहरुको स्पष्ट रुपमा स्रोत खुलाउन लगाउने र स्रोत खुलाउन नसके सो व्यहोरा समेत उल्लेख गर्नुपर्नेछ।

(च) ऐनको दफा ३ को देहाय (१) वा (२) वमोजिम अपराधजन्य कार्यमा संलग्न अपराधका पक्ष वा सहभागिताका सम्वन्धमा (मुख्य कसूरदार वा उद्योग वा मतियार) स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(छ) सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको वास्तविक विगो कायम गर्ने सम्वन्धमा सम्वद्ध कसूरवाट प्राप्त सम्पत्ति वा साधनको तहगत, वेनामी वा काल्पनिक कारोवारका पूर्ण विवरण स्पष्ट उल्लेख गर्नु/गराउनु पर्नेछ।

(ज) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको व्यवसायिक सम्बन्ध स्थापना वा कारोवार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नका लागी आवश्यक कुराहरु बयानमा उल्लेख गर्नुपर्नेछ।

(२) देहायको अवस्थामा अभियुक्तसँग पुनः बयान लिन सकिनेछः-

(क) मुद्दामा कुनै नयाँ तथ्य वा प्रमाण फेला परेमा,

(ख) पहिले गराएको बयानमा नखुलेका नयाँ कुरा खुलाउनु परेमा,

तर, पुनः बयान गराउँदा पहिले सोधिएका प्रश्न दोहोऱ्याउनु हुदैन ।

(३) अभियुक्तको बयान गराउँदा निजले सवालको जवाफ नदिएमा सोध्नु पर्ने आवश्यक सवाल लेखवद्ध गरी सम्वन्धित सवालको जवाफमा जवाफ दिन इन्कार गरेको व्यहोरा उल्लेख गरी अनुसन्धान अधिकृत तथा सरकारी वकीलले प्रमाणित गर्नु पर्नेछ।

१६. महत्वपूर्ण कुरा थाहा पाउने व्यक्तिको सोधपुछ कागज तथा बयान गराउनेः- सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरका सम्बन्धमा जानकारी भएको वा हुन सक्ने मनासिब आधार भएका व्यक्तिसँग अनुसन्धान अधिकृतले मुद्दा सम्वद्ध सारभुत तथ्य खुल्ने गरी सोधपुछ कागज वा बयान गराउनु पर्दछ। सोधपुछ कागज वा बयान गराउँदा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) कागज गर्ने व्यक्तिलाई छिटो र उपयुक्त माध्यमवाट कार्यालयमा उपस्थित गराई वा आवश्यकता अनुसार त्यस्ता व्यक्ति समक्ष आफै गई गोप्यता कायम हुने गरी सोधपुछ गरी बयान वा कागज गराउनु पर्नेछ,

(ख) सोधपुछ वा बयान कागज गर्नुपर्ने व्यक्ति अस्पताल वा स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराई रहेको अवस्थामा सोधपुछ कागज वा बयान गर्नु परेमा अस्पतालका कर्मचारी, परिवारका सदस्य वा संरक्षकको रोहवरमा गराउनु पर्नेछ,

(ग) बयान तथा कागज गर्ने प्रति कुनै आग्रह, पूर्वाग्रह वा निजको व्यक्तिगत चरित्रका सम्बन्धमा कुनै सवाल गर्न हुँदैन,

(घ) बयान कागज गराउँदा कसूर गर्ने व्यक्तिवाट कुनै डर, धम्की, दवाव वा प्रभाव आए वा नआएको कुराको जवाफ लिनु पर्नेछ,

(ङ) बयान तथा कागज गराउनु पर्ने व्यक्तिलाई सोधेको प्रश्नको आफ्नै सम्झको सत्य तथ्य कुरा बताउन अभिप्रेरित गरी बयान कागज गराउनु पर्नेछ,

(च) मुद्दासँग असम्बन्धित कुरा सोध्नु हुदैन,

(छ) घटना देख्ने, जान्ने वा थाहा पाउने व्यक्ति बालबालिका, हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन वा वृद्धअवस्था जस्ता शारीरिक रुपमा असमर्थ व्यक्ति भएमा निज रहे बसेकै ठाउँमा गई सोधपुछ गरी कागज गराउन सकिने छ।

१७. दोभाषेको सेवा लिन सकिने:- अनुसन्धानको क्रममा नेपाली भाषा नबुझ्ने भएमा आरोपी एवं अनुसन्धान अधिकृतले दोभाषेको सेवा दिन/लिन सक्नेछ र दोभाषे प्रयोग गरी तयार गरिएको कागजमा त्यस्तो दोभाषेलाई रोहवरमा राखी सहिछाप गराउनु पर्नेछ।

१८. प्रमाण संकलन गर्ने:- दफा ४ मा उल्लेखित स्रोतहरुका माध्यमबाट प्राप्त सूचना वा जानकारी, ऐनको दफा १३ बमोजिम प्राप्त उजूरी वा सूचनाको सम्बन्धमा वा दफा १५ बमोजिम भन्सार सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरणको समेत कसूरमा अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले देहाय बमोजिम प्रमाण संकलन गर्नुपर्नेछ:-

(क) अभियुक्त तथा निजका परिवार एवं अभियुक्तले सम्पत्ति राख्न प्रयोग गरिएका व्यक्तिको वित्तिय संस्थामा रहेको व्यक्तिगत विवरण लगायत तहगत कारोबारको विवरण माग गर्ने,

(ख) खण्ड (क) बमोजिमका व्यक्तिको कर तथा आय विवरण, सम्पत्ति खरिद बिक्री सम्बन्धित कागजात, निजको लागानी सम्बन्धी विवरण सम्बन्धित कार्यालयबाट माग गर्ने,

(ग) खण्ड (क) बमोजिमका व्यक्तिलगायत सोसँग सम्बन्धित व्यक्तिको डिजिटल प्रमाण जस्तै इमेल, म्यासेज, मोबाइल तथा कम्प्युटर डाटा, श्रव्यदृश्य रेकर्ड लगायतका प्रमाण संकलन गर्ने र ती प्रमाणलाई परीक्षण गर्न लगाई परीक्षण प्रतिवेदन प्राप्त गर्ने,

(घ) कूटनैतिक माध्यम वा पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनको प्रकृया पूरा गरी विभिन्न राष्ट्र, विदेशी बैंक तथा वित्तीय संस्था वा विदेशी निकायबाट प्राप्त कागजात लगायतका अन्य प्रमाणहरू,

(ङ) अनुसन्धानका क्रममा देखिए बमोजिमका कागज प्रमाणहरु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाबाट माग गर्ने।

परिच्छेद-६

रोक्का, नियन्त्रण तथा रोक्का फुकुवा सम्बन्धी व्यवस्था

१९. सम्पत्ति रोक्का वा नियन्त्रण राख्ने सम्बन्धमाः- (१) ऐनको दफा १८ को उपदफा (१) र नियमावलीको नियम ४४ को उपनियम (१) बमोजिम अनुसन्धान अधिकृतले देहायको सम्पत्ति वा साधन र सोसँग सम्बन्धित सम्पत्ति शुद्धीकरणको कसूरबाट प्राप्त भएको भन्ने विश्वास गर्नु पर्ने आधार भएकोमा सो सम्बद्ध सम्पत्ति वा साधन जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै प्रकारको हितमा रहे भएको भए तापनि देहायको सम्पत्ति वा साधन रोक्का राख्न वा नियन्त्रणमा लिन सक्नेछः-

(क) स्रोत पुष्टि नभएको अवैध सम्पत्ति,

(ख) शुद्धीकरण गरिएको सम्पत्ति,

(ग) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन।

(२) उल्लेखित सम्पत्ति वा साधन एक वर्ष भन्दा बढी रोक्का राख्नु पर्ने भएमा अदालतको अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्पत्ति वा साधन अभियुक्तले लुकाएको प्रयोग गरेको, निःसर्ग गरेको लगायतका कारणले रोक्का राख्न वा नियन्त्रणमा लिन नसकिने भएमा अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको शंका लागेको व्यक्तिको सोही मूल्य बराबरको अन्य सम्पत्ति रोक्का राख्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सम्पत्ति वा साधन रोक्का वा नियन्त्रणमा लिनु अगावै कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्दछ।

(५) ऐनको दफा १९ बमोजिम उपदफा (१) बमोजिमको रोक्का वा नियन्त्रणमा लिनु पर्ने सम्पत्ति वा साधन वा कसूरबाट प्राप्त सम्पत्ति वा साधन विदेशमा भएको देखिएमा अनुसन्धान अधिकृतले कुटनैतिक पत्र मार्फत वा विभाग मार्फत पारस्परिक कानूनी सहायता सम्बन्धी कानून बमोजिमको प्रकृया पूरा गरी सम्बन्धित मुलुकमा तत्काल लेखी पठाउनु पर्दछ । त्यसरी लेखी पठाउँदा त्यस्तो सम्पत्ति वा साधन भएको स्थान वा बैंक वा वित्तीय संस्थाको जानकारी समेत उपलब्ध गराउनु पर्दछ।

(६) ऐनको दफा १९ख. बमोजिम अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको कुनै व्यक्तिको नाममा राहदानी वा ट्राभलर डकुमेन्ट जारी नगर्न वा जारी भइसकेको भए सम्बन्धित निकायलाई रोक्का राख्न लेखी पठाउन सक्नेछ।

(७) रोक्का वा नियन्त्रणमा लिएका सम्पत्ति वा साधनको विवरण खुल्ने गरी स्पष्ट रुपमा लगत राखु पर्दछ।

२०. रोक्का फुकुवा सम्बन्धमाः (१) ऐनको दफा १८ बमोजिम रोक्का राखिएको सम्पत्ति सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरसँग सम्वन्धित नदेखिएमा सो सम्पत्ति फुकुवाको लागि मुद्दा दायर नहुँदै अनुसन्धान अधिकृतले आधार र कारणको विश्लेषण गरी कार्यालय प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा उजुरीको छोटकरी व्यहोरा, सङ्कलित प्रमाण र तथ्यको विश्लेषणवाट देखिएको वस्तुस्थिति, रोक्का सम्पत्ति कसूरसँग सम्बन्धित रहेको नदेखिने आधार र सो सम्पत्ति उपर आरोपितले दायित्व वहन गर्नुनपर्ने समेतका आधार र कारण खुलाउनु पर्नेछ।

(३) सम्पत्ति र साधन फुकुवाका लागि सम्वन्धित निकायलाई पत्राचार गर्दा गेका मिति, चलानी नम्वर, सम्पत्तिको विवरण र अदालतवाट अनुमति प्राप्त मिति समेत खुलाउनु पर्नेछ।

(४) तालुक निकाय वा नियमनकारी निकाय मार्फत रोक्का आदेश जारी भएको अवस्थामा सोही निकायको फुकुवा आदेश विना रोक्का फूकुवा गरिने छैन।

परिच्छेद-७

<u>प्रमाण विश्लेषण विधि तथा अनुसन्धान प्रतिवेदन सम्वन्धी व्यवस्था</u>

२१. प्रमाण विश्लेषण गर्ने विधिः- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा प्रमाणको मूल्याङ्कन र विश्लेषण गर्दा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्नुपर्नेछः-

क) भन्सार सम्बद्ध कसूरबाट आर्जित सम्पत्तिको गणना गर्दा प्राप्त सम्पत्ति रुपान्तरण वा हस्तान्तरण, कारोबार, लुकाउने, छल्ने, बदल्ने, प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने अवस्था भएमा सोही अनुसार मूल्य कायम गर्नुपर्नेछ। यसबाट बढेबढाएको सम्पत्ति देखिएमा सोसमेत उल्लेख गरी वास्तविक बिगो कायम गर्ने,

ख) कसूरको जोखिमको आधारमा सम्बद्ध कसूरबाट प्राप्त भएको सम्पत्ति वा साधनको तहगत कारोबार, निःसर्ग, स्वामित्व वा सो सम्पत्ति उपरको लुकाउने, छल्ने वा बदल्ने आपराधिक कार्यमा संलग्न सबैका हकमा प्राप्त प्रमाणको विश्लेषण गर्ने,

ग) स्रोत पुष्टी हुन नसकेको वा गैर कानूनी रुपमा प्राप्त सम्पत्ति बिक्रीको हकमा बिक्रीबाट प्राप्त आयलाई आयमा समावेश नगर्ने तथा बिक्रीबाट प्राप्त आय खरिदको अवस्था भन्दा बढी भएमा बढेबढाएको मानी अवैध सम्पत्तिमा गणना गरी बिगो कायम गर्नुपर्ने,

घ) स्वआर्जित चल, अचल सम्पत्ति खरिद गर्दाको अवस्थामा स्रोत पुष्टी हुन नसकेको रकम जति प्रतिशत खरिदमा लगानी भएको छ, सोही अनुपातमा बिक्रीबाट प्राप्त आयलाई बिगो तथा बढे बढाएको कायम गरी गणाना गर्नुपर्दछ। बाँकी लगानी जति प्रतिशत छ सोही अनुसारको बिक्री रकमलाई वैध आय मानी गणना गर्नुपर्ने,

ङ) स्रोत खुलेको र स्रोत नखुलेको वा गैर कानूनीरुपमा प्राप्त वा आर्जित सम्पत्ति मिसाएर कुनै सम्पत्ति आर्जन भएको र बढेबढाएको भए स्रोत खुलेसम्मको सम्पत्तिलाई अलग गरी बाँकी सम्पत्ति स्रोत नखुलेको मानेर गणना गर्नुपर्दछ,

च) अभियुक्त र निजका परिवारका सदस्यहरुले अंशबण्डा बापत प्राप्त गरेको सम्पत्तिको विवरण लिई सोलाई वैध आयमा गणना गर्ने तथा स्रोत लुकाउनका लागि काल्पनिक रुपमा अंशबण्डा गरेको हो, होइन एकीन गर्नुपर्ने,

छ) भन्सार सम्बद्ध कसूरबाट आर्जित रकम बैंकिङ्ग कारोबार मार्फत जम्मा भएको देखिएमा कसूरबाट आर्जित सम्पत्ति मानी बिगो कायम गर्ने। सो रकमबाट चल अचल सम्पत्ति खरिद गरी सम्पत्ति बढे बढाएको हकमा सो बढे बढाएको सम्पत्तिलाई समेत बिगो कायम गर्ने,

ज) मोबाइल वालेट, क्युआर कोड भुक्तानी, अनलाइन माध्यमबाट हुने भुक्तानी हस्तान्तरण वा अन्य यस्तै माध्यमबाट हुने गरेको भुक्तानी कारोबारको स्रोत र गन्तव्य पत्ता लगाई तत्कालरुपमा भएको अवैध कारोबारबाट प्राप्त रकम सम्पत्तिलाई प्राप्त प्रमाणका आधारमा निक्षेपण गर्ने,

झ) अनुसन्धानको दायरामा रहेका व्यक्तिहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात रकमको वास्तविक स्रोत खुलाउन नसकेमा गैरकानूनी रुपमा प्राप्त भएको सम्पत्ति कायम गरी कसूरजन्य कार्यको वास्तविक बिगो कायम गर्ने,

ञ) खरिद तथा बिक्री गरेको घर जग्गाको कारोवार तथा निःसर्ग अन्यथा पुष्टि भएमा सोही वमोजिम हुनेछ। अन्यथा पुष्टी गराउन नसकिएमा सो कारोवारको विवरण लिई खरिदमा भएको रजिष्ट्रेशन दस्तुर बिक्रीमा पूँजिगत लाभकरको विवरण सम्वन्धित मालपोत कार्यालयबाट लिई कसूरजन्य कार्यको बिगो कायम गर्नुपर्दछ। बिक्री गरेको घर जग्गा कसूरवाट प्राप्त सम्पत्तिबाट खरिद गरेको देखिएमा बिक्रीबाट प्राप्त भएको समग्र रकम गैर कानूनी रुपमा प्राप्त सम्पत्ति मान्नु पर्ने,

ट) कसूरवाट आर्जित रकमवाट विमाको प्रिमियम भुक्तानी भएको देखिएमा उक्त भुक्तानी भएको रकमलाई रोक्का गरी सो भुक्तान गरेको रकम अवैध गणना गरी विगो कायम गर्ने,

ठ) शेयर, ऋणपत्र वा बचतपत्र वा यस्तै प्रकृतिका सम्पत्तिहरु के कति रकममा खरिद बिक्री भएको हो सम्वन्धित निकायवाट बिवरण माग गरी वैध आयबाट खरिद गरेको देखिएमा वैध आयमा गणना गर्ने कसूरवाट प्राप्त भएको सम्पत्तिबाट खरिद गरेको देखिएमा अवैधरुपमा गणना गरी कसूरजन्य कार्यको बिगो कायम गर्ने,

ड) बैंक तथा वित्तीय संस्थावाट वा कुनै व्यक्तिवाट ऋण लिएकोमा सो ऋण तिरेको रकमको वैधता सम्वन्धिअनुसन्धान गरी वैध देखिएमा तिरेको ऋणको स्रोत पुष्टि भएको सम्पत्तिको रुपमा गणना गर्नुपर्दछ भने अवैध देखिएमा बिगोमा गणना गरी त्यस्तो अवैध सम्पत्ति जफत समेत गर्ने गरी विश्लेषण गर्ने,

ढ) नेपाल वा विदेशमा लगानी गरेको सम्पत्ति समेतलाई वैध वा अवैध सम्पत्तिको रुपमा विश्लेषण गर्ने,

ण) अनुसन्धानको क्रममा सुन, चाँदी, जवाहरत जस्ता बहुमुल्य वस्तुहरु बरामद भएकोमा सोको खरिदको स्रोत देखाउन नसकेमा अवैध सम्पत्तिको रुपमा गणना गर्ने,

त) सवारी साधन वा विद्युतीय उपकरणहरु खरिद गरेकोमा सोको बिल बिजकका आधारमा र सो नभएमा विशेषज्ञवाट मूल्य कायम गरी अवैध सम्पत्तिमा गणना गर्ने,

थ) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानमा कुनै पनि फर्म, कम्पनी, संस्था वा कारोवारको वास्तविक धनी पत्ता लगाई अनुसन्धान गर्ने,

द) कसूरवाट आर्जित सम्पत्ति शुद्धीकरण गर्ने क्रममा कृत्रिम कम्पनी वा कानूनी व्यक्तिहरु खडा गरी कारोवार गरेको देखिएमा सो कम्पनी वा कानूनी व्यक्तिको वास्तविक धनी पत्ता लगाई अनुसन्धान गर्ने,

ध) संगठित संस्थाको आवरण भित्र सम्पत्ति शुद्धीकरणको कसुरजन्य कार्य गर्नमा कम्पनी वा कानूनी व्यक्ति समेत जिम्मेवार भएको पाईएमा त्यस्तो कानूनी व्यक्तिलाई समेत प्रमाणको विश्लेषण गरी अनुसन्धानको दायरामा ल्याइनेछ ।

२२.अनुसन्धान प्रतिवेदन पेश गर्नुपर्ने:- अनुसन्धान अधिकृतले देहाय वमोजिम अनुसन्धान प्रतिवेदन तयार गर्नुपर्नेछः-

(क) भन्सार सम्वद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको अनुसन्धान समाप्त भएपछि नियमावलीको नियम ३९ वमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची १९ वमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी ऐनको दफा २२ को उपदफा (१) वमोजिम सम्वन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(ग) सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा ऐनको दफा ३ को उपदफा (१) वमोजिमको कुनै कार्य भएको नदेखिएमा सोही व्यहोरा खुलाई प्रचलित कानून वमोजिम भन्सार सम्वद्ध कसूरको मात्र अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन दिनुपर्नेछ।

(घ) भन्सार सम्वद्ध कसूर र सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा समानान्तर अनुसन्धान गरिएकोमा सम्भव भए सम्म दुवै कसूरको अनुसन्धान समाप्त गरी अनुसन्धान प्रतिवेदन पेश गर्नुपर्नेछ।

घ) अन्य मुलुक वा निकायको समन्वयमा अनुसन्धान गर्नु पर्ने देखिएको वा अनुसन्धानमा जटिलताको कारण सम्वद्ध कसूरमा मुद्दा दायर गर्ने प्रयोजनार्थ भित्रै सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा अनुसन्धान पुरा हुने अवस्था नभएमा सोको लागि लाग्ने अनुमानित समयावधि समेत खुलाई सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको अनुसन्धान पुरा भएपछि छुट्टै प्रतिवेदन पेश गरिने व्यहोरा जनाई भन्सार सम्वद्ध कसूरको मात्र अनुसन्धान प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ङ)कसूरमा संलग्न प्रतिवादीहरु प्राथमिक स्तरको कसूरदारको भुमिका वा सहभागिता हो वा द्वितीय स्तरको कसूरदार हुन भन्ने स्पष्ट आधार प्रमाण सहितको विश्लेषण उल्लेख गर्नुपर्नेछ।

(च) जफत हुने सम्पत्ति वा साधन स्पष्टसँग अनुसन्धान प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

(छ) दावी लिएको विगो स्पष्ट रुपमा खुल्ने प्रमाण कागजबाट पुष्टी भए बमोजिम दावी लिई अनुसन्धान प्रतिवेदन पेश गर्नुपर्नेछ।

(छ)सजायको मागदावी लिएको कानूनको दफा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

(ज)मिसिल संलग्न कागज प्रमाणहरुको तायदाती फाँटवारी सिलसिलेवार रुपमा उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(झ)अभियुक्त उपरको कसूर प्रमाणित गर्ने आधार, कारण र सम्वद्ध सवुद प्रमाण उल्लेख गर्नुपर्नेछ।

(ट) मुद्दा चलाउने वा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश गरिएको भए त्यसको आधार र कारण प्राप्त प्रमाणका आधारमा विश्लेषण गरिएको हुनुपर्नेछ।

(ठ) पेश भएको अनुसन्धान प्रतिवेदन सहितको मिसिलमा थप प्रमाण बुझ्न बाँकी रहेको सम्वन्धमा उल्लेख गर्दै सरकारी वकीलले निर्देशन दिएमा मुद्दा दायर गर्ने हदम्यादलाई विचार गरी दिएको निर्देशन बमोजिम थप अनुसन्धान गरी निर्देशन बमोजिमको अनुसन्धान समाप्त भएपछि पुन: अनुसन्धान प्रतिवेदन पेश गर्नुपर्नेछ।

परिच्छेद-८

मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्वन्धी व्यवस्था

२३. विदेशी मुद्रा वा धारक विनिमेय अधिकारपत्र भन्सारमा घोषणा गर्नुपर्ने: (१) नेपाली वा विदेशी नागरिकले नेपाल आउँदा वा विदेश जाँदा आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यम मार्फत राष्ट्र बैंकले तोकेको भन्दा बढी मूल्यको विदेशी मुद्रा वा धारक विनिमेय अधिकारपत्र नियमावलीको अनुसूची-१२ बमोजिमको ढाँचामा लिखित रुपमा भन्सार कार्यालयमा सही घोषणा गरि प्रमाणित गराउनु पर्नेछ।

(२) भन्सार अधिकृत समक्ष घोषणा गरेको वा सम्बन्धित कार्गो, कुरियर वा हुलाक मार्फत प्राप्त भएको मुद्रा वा धारक विनिमेय अधिकारपत्र सम्वन्धी विवरण झुटो वा गलत भएको शंका लागेमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई मुद्रा वा धारक विनिमेय अधिकारपत्र देखाउन लगाउने वा शंका लागेको कार्गो, पार्सल वा पुलिन्दा खोल्न सक्नेछ।

२४. सोधपुछ, जफत तथा सजाय गर्न सक्नेः (१) भन्सार अधिकृतले देहायको अवस्थामा नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन खोजेको मुद्रा वा धारक विनिमेय अधिकारपत्रको स्रोत तथा प्रयोग गर्न खोजेको उद्देश्यका सम्बन्धमा सोधपुछ गर्न सक्नेछ।

(क) मुद्रा वा धारक विनिमेय अधिकारपत्रको गलत घोषणा गरेको वा घोषणा नै नगरेको शंका लागेमा, वा

(ख) भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम शंका गर्ने मनासिब आधार भएमा,

(२) उपदफा (१) बमोजिम सोधपुछ गर्दा प्रचलित कानून बमोजिमको कसुर प्रमाणित भएमा भन्सार अधिकृतले सबै मुद्रा वा धारक विनिमेय अधिकारपत्र जफत गरी बिगो बमोजिम जरीवाना गर्नुपर्नेछ र जफत गर्नु पर्ने कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाइ दिनुपर्नेछ।

२५. विवरण सम्बन्धमाः (१) दफा १६ को उपदफा (३) बमोजिम शंका लागेको मुद्रा वा धारक विनिमेय अधिकारपत्रको विवरणको जानकारी भन्सार कार्यालयहरुले वित्तीय जानकारी इकाई तथा सम्बन्धित निकाय वा अधिकारीलाई तत्काल दिनु पर्नेछ।

(२) भन्सार कार्यालयहरुले दफा १६ को उपदफा (३) बमोजिम घोषणा गरेको मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण अर्को महिनाको ५ गतेभित्र विभागले विकास गरेको सम्बन्धित प्रणालीमा प्रविष्ट गरि सक्नुपर्नेछ।

२६. भन्सार ऐन बमोजिमको वस्तु मानिनेः (१) यस परिच्छेदको प्रयोजनको लागि मुद्रा तथा धारक विनिमेय अधिकारपत्रलाई भन्सार सम्बन्धी प्रचलित कानून बमोजिमको वस्तु मानिनेछ।

(२) यस परिच्छेद बमोजिम घोषणा गर्नुपर्ने मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको जाँचबुझ, खानतलासी, रोक्का, जफत, पुनरावेदन तथा कारवाही सम्बन्धी अन्य व्यवस्था भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

२६. मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको घोषणा प्रभावकारी बनाउनेः (१) मुद्रा वा धारकविनिमेय अधिकारपत्रको घोषणा कार्य सरल र पारदर्शी बनाउन सबैले देख्ने ठाउँमा सूचना टाँस गर्ने, पर्चा/पम्फलेट वितरण गर्ने, श्रव्यदृश्य प्रचारप्रसार गर्ने, अलग्गै घोषणाकक्ष वा स्थानको व्यवस्था गर्ने, यस्तो कार्य नियमित रुपमा गर्न जिम्मेवार कर्मचारी तोक्ने र हालसम्म व्यवस्था नगरेका भन्सार कार्यालयहरुले पनि यो कार्यविधि लागू भएको एक महिनाभित्र सोको व्यवस्था गरि जानकारी विभागमा दिनुपर्नेछ।

(२) भन्सार विभागले नागरिक उड्डयन प्राधिकरणसँगको समन्वयमा मुद्रा तथा धारकविनिमेय अधिकारपत्रको घोषणा लगायत विषयको श्रव्यदृष्य नेपालबाट प्रस्थान गर्नेको हकमा बोर्डिङ पास लिने स्थान र नेपाल आगमन गर्नेको हकमा अन्तरदेशिय हवाइ जहाज नेपालमा अवतरण हुनु अघि नेपाली र अंग्रेजी भाषामा प्रशारण गर्ने व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद-९

विविध

२८. निरीक्षण गर्न सक्नेः (१) कार्यालयको प्रमुखले गरेको काम कारवाहीका सम्वन्धमा विभागले वर्षमा कम्तिमा एकपटक निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम निरीक्षण गर्दा अन्य कुराका अतिरिक्त कसैले भन्सार सम्वद्ध सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूर गरेको प्रारम्भिक जाँचवुझ प्रतिवेदनवाट देखिएकोमा उक्त कसूरमा अनुसन्धान गरे नगरेको, विभाग तथा अन्य निकायमा पठाउनुपर्ने विवरण समयमा पठाए नपठाएको, मुद्रा वा धारकविनिमेय अधिकारपत्रको घोषणालाई सरल र यात्रुमैत्री वनाए नवनाएको र प्रणालीमा प्रविष्ट गर्नुपर्ने विवरण समयमा नै प्रविष्ट गरे नगरेको निरीक्षण गरी सोको प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम प्रतिवेदन प्राप्त भएपछि महानिर्देशकले कार्यालय प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२९. सहयोग गर्नु पर्नेः यस कार्यविधि वमोजिम सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको प्रारम्भिक जाँचवुझको लागि खटिएको अधिकृत वा अनुसन्धान अधिकृतले आफ्नो कर्तव्य पालना र अधिकार प्रयोग गर्दा कुनै सरकारी कर्मचारी, प्रहरी, वित्तीय संस्था, निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट, ढुवानी साधनको धनी एवं चालकसँग कुनै प्रकारको सहयोग, सूचना वा मद्दत माग गरेकोमा त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु त्यस्तो सरकारी कर्मचारी, प्रहरी, वित्तीय संस्था, निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट, ढुवानी साधनको धनी एवं चालकको कर्तव्य हुनेछ।

३०.गोपनियता कायम गर्नुपर्नेः महानिर्देशक, कार्यालय प्रमुख, पारम्भिक जाँचवुझ गर्न खटिएको अधिकृत, अनुसन्धान अधिकृत र अन्य कुनै पनि कर्मचारीले आफूलाई जानकारी हुन आएको वा आफ्नो पहुँचमा भएका कुनै पनि सुचना ,विवरण ,कागजात ,अभिलेख , तस्विर वा प्रचलित कानूनले गोप्य राख्नु पर्ने भनी तोकिएको विषय, ,श्रव्य दृष्य सामग्री उल्लेख भएका विषय तथ्याङ्क, कानून वमोजिम आफु भन्दा माथिल्लो पदाधिकारीलाई र

अदालती प्रक्रियामा न्यायालयको आदेशमा प्रस्तुत गर्ने बाहेक अन्यत्र आफू पदमा बहाल रहँदा वा नरहँदा कुनै पनि किसिमले प्रकट गर्न हुँदैन।

३१.कार्यविधिमा थपघट तथा हेरफेरः विभागको महानिर्देशकले यस कार्यविधिमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ।

३२.प्रचलित कानून बमोजिम हुनेः यो कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ। यस कार्यविधिको प्रयोग प्रचलित कानूनको अधीनमा रही गरिनेछ।

अनुसूची-१
दफा ५ सँग सम्बन्धित

भन्सार सम्वद्ध कसुरको सूची

१. कसूरहरु :-

क .मुद्राविनिमेय धारक/, मणि, वहुमूल्य धातु लगायत अन्य वस्तुहरुको चोरी निकासी पैठारी सम्वन्धी कसूर

ख.व्यापारमा आधारित भन्सार सम्वद्ध कसूरहरु -:

- अधिक बीजकीकरण ,
- न्यून बीजकीकरण,
- एउटा बीजकको धेरै पटक प्रयोग,
- किर्ते वा नक्कली बीजकको प्रयोग,
- वस्तुको नाम, भौतिक विशेषता ,चारित्रिकगुण ,नाप ,आकार, गुणस्तर, वर्गीकरण उपशीर्षक ,उत्पत्तिको मुलुक ,परिमाण ,ब्राण्ड ,मोडेल र फरक पारी गलत/झुट्टा घोषणा,
- अन्य

२.सूचकहरु :-

क. व्यवसायी सम्वन्धी सूचकहरू :

- कुनै स्पष्ट वा वैध व्यापारिक उद्देश्य नभएका फ्रन्ट कम्पनी वा सेल कम्पनीहरूको प्रयोग ,
- संदिग्ध दर्ता ठेगाना रहेको ,
- अनुचित वा अत्याधिक जटिल लेनदेन संरचनाहरू ,
- नियमित व्यापारिक गतिविधिबाट विचलन,
- कागजातमा गल्ती वा अपुरो भए पनि कार्य अगाडि बढाउन आतुरता,
- उच्च वा असामान्य शुल्क तिर्न तत्पर ,
- उच्च जोखिम वा आतंकवादी समर्थक क्षेत्रका व्यापार साझेदारहरू ,
- घोषित व्यवसाय प्रकृतिसँग मेल नखाने वस्तुहरु आयात ।

ख. कागजात सम्वन्धी सूचकहरू :

- गलत वर्गीकरण घोषणा वा गलत बीजकको प्रयोग .
- अनधिकृत वा संदिग्ध रूपमा कागजातहरू परिवर्तनहरू.

- शंकास्पद भाषा ,विवरण वा ढाँचाहरूको प्रयोग ,
- एउटै कागजातको पटक पटक प्रयोग ,
- अमिल्दो तथा असंगत मितिहरूको प्रयोग ,
- वस्तुको मूल्यसँग तादाम्यता नमिल्ने गरी देखाइएका अन्य सम्वद्ध खर्चहरू ,
- शंकास्पद भनी अस्वीकृत गरिएका कागजात पुनः प्रयोग ,
- व्यापार अभ्याससँग मेल नखाने कागजातहरू ।

ग. कारोबारसँग सम्बन्धित सूचकहरु -

- घोषित मूल्य बजार मूल्यभन्दा धेरै फरक ,
- राउण्ड फिगरमा राखिएको मूल्य ,
- कारोवारमा धेरै वा अनावश्यक तहहरूको प्रयोग ,
- वस्तु निर्यात गरेको स्थान मुलुकसँग/मेल नखाने भुक्तानी विधि,
- वस्तुको उपभोग्य अवधिसँग नमिल्ने क्रेडिट भुक्तानी .
- अस्पष्ट वा लुकाइएको कारोवार.

घ. वस्तु ढुवानीसँग सम्बन्धित सूचकहरू -

- वस्तु र कागजातबीच तादाम्यता नहुनु.
- व्यवसायको उद्देश्य/प्रोफाइलसँग नमिल्ने वस्तुको कारोवार.
- उच्च जोखिमयुक्त वस्तुहरू र प्रयोग भएका ढुवानी साधन.
- असान्दर्भिक व्यापारिक मार्गको प्रयोग भई गरेको वस्तु ढुवानी .
- अपूर्ण वा कागजातविहिन ढुवानी विवरण ।

अनुसूची-२

दफा ८ को उपदफा (१) सँग सम्वन्धित

अनुसन्धान अधिकृत तोक्ने पत्रको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार जाँचपास परीक्षण कार्यालय/भन्सार कार्यालय....

मिति

प.सं.

च.नं.

विषयः अनुसन्धान अधिकृत तोकीएको सम्वन्धमा।

श्री ....

तपाईलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन। २०६४ .१५ (वमोजिम सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरको सम्वन्धमा अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकृतको रुपमा खटाइएको छ। मेरो रेखदेख र नियन्त्रणमा रही अनुसन्धानको कार्यदिनभित्र पूरा गरी आफ्नो रायसहितको प्रतिवेदन पेश गर्नुहोला। कसूरको संक्षिप्त .... व्यहोरा र तपाईको सहयोगी कर्मचारी देहाय वमोजिम रहेको छ -:

१. कसूरको संक्षिप्त व्यहोरा-:

२. सहयोगी कर्मचारी-:

३.

क्रमसंख्या	दर्जा	कर्मचारीको नाम थर	कार्यालय
१	....	....	....
२	....	....	....

अनुसन्धान अधिकृत तोक्नेको

दस्तखत :

नाम थर:

पद:

कार्यालय:

मिति

अनुसूची-३

दफा ६ उपदफा (२) सँग सम्बन्धित

उजुरी दर्ता किताबको नमुना

सि.नं.	दर्ता नं .	दर्ता मिति	उजुरीकर्ता	आरोपितको नाम . :थर र ठेगाना	उजुरीको संक्षिप्त विवरणः	कैफियत

अनुसूची-४

दफा ७ को (५) सँग सम्वन्धित

सम्पत्ति विवरण फाराम

श्री.....

मिति ...का दिन म ...लाइ यस कार्यालयका अनुसन्धान अधिकृतले मेरो निम्न सम्पतिको विवरण पेश गर्न आदेश गर्नु भए वमोजिम म आफु तथा एकाघर परिवारका मानिस समेतका एकल वा संयुक्त नाममा दर्ता रहेको सम्पुर्ण चल /अचल जायजेथा तपसिल तालिकामा खुलाइ सोको प्रमाण समेत संलग्न राखी यसैसाथ पेश गरेको छु ।

निवेदकः

मितिः

तपसील

१.घर, जग्गा जमिनको विवरण

जग्गाधनीको नाम	कित्ता नं.	क्षेत्रफल	जग्गा रहेको स्थान	खरिद मिति	स्रोत

२.नगद तथा बैंक खाताको विवरण:

खातावालाको नाम	खाता नं.	मौज्दात रकम	बैंक/वित्तिय / संस्था	खातासंचालक	स्रोत

३.सुनचाँदी हिरामोती लगायत बहुमुल्य धातु तथा गरगहनाको विवरण

किसिम	इकाई	परिमाण	मूल्य	खरिद मिति	स्रोत

४.सवारी साधनको विवरण:

सवारीधनीको नाम	च्यासिस नं.	इन्जिन नं.	सवारी नं.	खरिद मिति	स्रोत

५.शेयर लगानीको विवरण:

शेयरधनीको नाम	शेयरसंख्या	हालको मूल्य	खरिद मूल्य	कम्पनीको नाम	स्रोत

६.बीमा पोलिसिको विवरण:

बीमितको नाम	पोलिसी नं.	चुक्ता भएको किस्ता रकम	कम्पनीको नाम	परिपक्व हुने अवधि	स्रोत

७.फर्म कम्पनिको विवरण

कम्पनीको नाम	दर्ता नं.	चुक्ता रकम	चुक्ता मिति	स्रोत

८.कृषि उत्पादनबाट प्राप्त आम्दानीको विवरण:

जग्गा धनीको नाम	[illegible]	कित्ता नं	क्षेत्रफल	[illegible]	[illegible]

9.आय व्यय विवरण/

सि.नं.	आय शीर्षक	कुल आय रकम	व्यय शीर्षक	कुल व्यय रकम

मैले माथि खुलाइ पेश गरेको विवरण साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

नोटः निम्न बमोजिमका कागजात समेत पेश गर्ने:-

१.पैतृक सम्पतिका हकमा अंशबन्डा/ हक हस्तान्तरण लिखत वा बकसपत्र आदि,

२. व्यक्तिगत लेनदेनका कहमा स्थानिय तहबाट प्रमाणीकरण भएको लिखत र आय टिकट दस्तुर बुझाएको प्रमाण,

३.आर्जनका हकमा आयकर तिरेर बुझाएको प्रमाण, व्यवसाय दर्ता प्रमाणपत्र, लेखापरिक्षण प्रतिवेदन, आकस्मिक लाभकर र लाभकर तिरेको निस्सा, नोकरिको विवरण र तलब प्रमाणित भएको कागजात,

४. अपुताली उत्तराधिकारीको हस्तान्तरण फैसला,

५. दान/बकस/दाईजो पेवा आदिको सम्बन्धित कागजात ।

अनुसूची-७
दफा ८ (१) संग सम्बन्धित
(सम्पति शुद्धिकरण विभाग वा भन्सार विभागलाइ पठाउने जानकारीको नमुना)

१. प्रतिवेदन मिति:

२. प्रतिवेदन पठाउने कार्यालय:

३. प्रतिवेदन तयार गर्ने अधिकारिको नाम र पद:

४. घटनाको संक्षिप्त विवरण:

५. संलग्न वस्तु/प्रमाण:

६. अनुमानित मुल्य:

७. संदेहको कारण (कसरी शंका उत्पन्न भयो)

८. प्रारम्भिक प्रमाण वा कागजात:

९. कारवाही/ अनुसन्धानको अवस्था

१०. सुझाव सिफारिस:

११. हस्ताक्षर मिति: